# शिखर इन्स्योरेन्स कम्पनी लि.

थापथली, काठमाण्डौं
फोन नं.: ४२४६१०१, फ्याक्स: ९७७ १ ४२४६१०३ पो.ब.नं. १०६९२
इमेल: shikharins@mos.com.np

**परिशिष्ट १ (निर्देशन १ संग सम्बन्धित)**

**निर्जीवन बीमा गर्ने बीमकको त्रैमासिक वित्तीय विवरण**

**आ.ब. २०७०/०७१ को दोश्रो त्रैमासिक (२०७० पौष मसान्त)** सम्मको लेखापरिक्षण हुन बाँकी (UNAUDITED) वित्तीय परिणाम

रकम रु. हजारमा

| बासलात | | | | |
|---|---|---|---|---|
| क.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा (२०७०/०९/३०) २०७०/२०७१ दोश्रो त्रैमासिक | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा (२०७०/०६/३१) २०७०/२०७१ पहिलो त्रैमासिक | अघिल्लो आ.ब.को सम्बन्धित त्रैमासिकको अन्त्यमा(२०६९/०९/३०) २०६९/२०७० दोश्रो त्रैमासिक |
| **१** | **श्रोत (१.१ देखि १.४ सम्म)** | **४९२,६००** | **४६७,५४८** | **३३१,१७८** |
| १.१ | चुक्ता पूँजी | १७५,००० | १७५,००० | १२५,००० |
| १.१(क) | अग्रिम भूक्तानी ( Call in advance•) | ७०,००० | ७०,००० | - |
| १.२ | जगेडा कोष | ८५,६०८ | ७३,०८२ | ९२,००५ |
| १.३ | बीमा कोष | १६१,९९२ | १४९,४६६ | ११४,१७३ |
| १.४ | तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | - | - | - |
| **२** | **उपयोग (२.१ देखि २.५ सम्म)** | **४९२,६००** | **४६७,५४८** | **३३१,१७८** |
| २.१ | स्थिर सम्पत्ति (खुद) | २२५,०११ | २२१,५४८ | २३३,६५४ |
| २.२ | दिर्घकालिन लगानी तथा कर्जा | १०५,६५७ | ८६,०३२ | १०५,४७७ |
| २.३ | खुद चालु सम्पत्ति (३-४) | १६०,६३३ | १५८,५३२ | (९,८०५) |
| २.४ | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्च | १,२९९ | १,४३६ | १,८५२ |
| २.५ | नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान | - | - | - |
| **३** | **चालु सम्पति कर्जा तथा पेश्कीहरु (३.१ देखि ३.३ सम्म)** | **९०७,५५८** | **९१६,२७०** | **७२७,७००** |
| ३.१ | नगद तथा बैंक मौज्दात | ३९,४२९ | ५१,९५४ | १३९,०९८ |
| ३.२ | अल्पकालिन लगानी तथा कर्जा | ४१५,१६४ | ३९३,३५० | २५०,४७० |
| ३.३ | अन्य सम्पत्ति | ४५२,९६५ | ४७०,९६६ | ३३८,१३२ |
| **४** | **चालु दायित्व तथा व्यवस्थाहरु (४.१ देखि ४.४ सम्म)** | **७४६,९२५** | **७५७,७३८** | **७३७,५०६** |
| ४.१ | चालु दायित्व | २३४,२६६ | ३३६,९२५ | ३१६,२३२ |
| ४.२ | असमाप्त जोखिम बापत व्यवस्था | २७४,१५७ | २२०,३६१ | २०२,५७८ |
| ४.३ | भुक्तानी हुन बाँकी दाबी बापत व्यवस्था | १३८,४३५ | ११८,२९७ | १४७,०७४ |
| ४.४ | अन्य व्यवस्था | १००,०६७ | ८२,१५६ | ७१,६२१ |

| नाफा-नोक्सान हिसाब | | | | |
|---|---|---|---|---|
| क.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा (२०७०/०९/३०) २०७०/७१ दोश्रो त्रैमासिक | यस त्रैमासिकको अन्त्य सम्ममा (२०७०/०६/३१) २०७०/७१ पहिलो त्रैमासिक | अघिल्लो आ.ब.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा २०६९/७० दोश्रो त्रैमासिक |
| **१** | **आम्दानी (१.१ देखि १.४ सम्म)** | **७६,६९०** | **३४,०७०** | **६५,९०१** |
| १.१ | आय व्यय हिसाबबाट सारेको | ६८,५३७ | २८,८६६ | ६३,६१९ |
| १.२ | लगानी कर्जा तथा अन्यबाट आय | ८,१५३ | ५,२०५ | २,२८२ |
| १.३ | व्यवस्था फिर्ता | - | - | - |
| १.४ | अन्य आम्दानी | - | - | - |
| **२** | **व्यवस्था तथा खर्चहरु (२.१ देखि २.७ सम्म)** | **३१,५००** | **१३,९३३** | **२६,९२८** |
| २.१ | व्यवस्थापन खर्च | ५,४०३ | २,२८८ | ४,२२९ |
| २.२ | अपलेखन खर्च | २७५ | १३८ | २८० |
| २.३ | अन्य खर्च | - | - | १५० |
| २.४ | नोक्सानीको लागि व्यवस्था | - | - | - |
| २.५ | कर्मचारी आवास व्यवस्था | - | - | - |
| २.६ | कर्मचारी बोनश व्यवस्था | ६,४५५ | २,८७७ | ५,५६७ |
| २.७ | आयकर | १९,३६७ | ८,६३० | १६,७०२ |
| **३** | **खुद नाफा / नोक्सान (१ - २)** | **४५,१९०** | **२०,१३८** | **३८,९७२** |

| एकिकृत आय व्यय हिसाब | | | | |
|---|---|---|---|---|
| क.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा (२०७०/०९/३०) २०७०/७१ दोश्रो त्रैमासिक | यस त्रैमासिकको अन्त्य सम्ममा (२०७०/०६/३१) २०७०/७१ पहिलो त्रैमासिक | अघिल्लो आ.ब.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा २०६९/७० दोश्रो त्रैमासिक |
| **१** | **आय (१.१ देखि १.६ सम्म)** | **६२५,६२५** | **४३१,६०४** | **५१७,०४४** |
| १.१ | बीमाशुल्क (खुद) | २१८,६३६ | १०३,३७५ | १७७,३३० |
| १.२ | पुनर्बीमा कमिशन आय | ५३,५१७ | ३८,९७३ | ५५,३८६ |
| १.३ | लगानी कर्जा तथा अन्यबाट आय | १४,८१४ | ९,४५६ | २०,५३७ |
| १.४ | अन्य प्रत्यक्ष आय | - | - | - |
| १.५ | त्रैमासिकको शुरुको भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ११८,२९७ | १०६,५९० | १२४,६३१ |
| १.६ | त्रैमासिकको शुरुको असमाप्त जोखिम बापत व्यवस्था | २२०,३६१ | १७३,२०९ | १३९,१६० |
| **२** | **व्यय (२.१ देखि २.८ सम्म)** | **५५७,०८८** | **४०२,७३८** | **४५३,४२५** |
| २.१ | दावी भुक्तानी (खुद) | ७२,५१० | ३२,६६४ | ४३,४८६ |
| २.२ | अभिकर्ता कमिशन | २०,९६७ | ९,६७१ | १८,७८५ |
| २.३ | पुनर्बीमा कमिशन खर्च | २०६ | १२३ | १,६७२ |
| २.४ | सेवा शुल्क (खुद) | २,१८६ | १,०३४ | १,७७३ |
| २.५ | अन्य प्रत्यक्ष खर्च | - | - | - |
| २.६ | व्यवस्थापन खर्च | ४८,६२७ | २०,५९० | ३८,०५७ |
| २.७ | त्रैमासिकको अन्तयको भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | १३८,४३५ | ११८,२९७ | १४७,०७४ |
| २.८ | त्रैमासिकको अन्तयको असमाप्त जोखिम बापत व्यवस्था | २७४,१५७ | २२०,३६१ | २०२,५७८ |
| **३** | **नाफा / नोक्सान हिसाबमा सारेको (१-२)** | **६८,५३७** | **२८,८६६** | **६३,६१९** |

| अन्य | | - | | |
|---|---|---|---|---|
| क.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा (२०७०/०९/३०) २०७०/७१ दोश्रो त्रैमासिक | यस त्रैमासिकको अन्त्य सम्ममा (२०७०/०६/३१)२०७०/७१ पहिलो त्रैमासिक | अघिल्लो आ.ब.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा २०६९/७० दोश्रो त्रैमासिक |
| १ | बीमाशुल्क आर्जन कुल रकम | ५०६,९०६ | २९१,१९८ | ४८५,८३७ |
| २ | जारी बीमालेखको संख्या | ३२,२४२ | १५,३३० | २१,९८५ |
| ३ | नवीकरण गरिएको बीमालेखको संख्या | ७०२५ | ४,५२५ | ११,१०५ |
| ४ | कुल दावी भुक्तानी | १०४,७१६ | ४८,४०६ | ६१,३७३ |
| ५ | कुल दावी भुक्तानी संख्या | ७२१ | ३२५ | ५७१ |
| ६ | भुक्तानी हुन बांकी दावी | ३५७,०८१ | ३८५,२८२ | ४२९,९३२ |
| ७ | भुक्तानी हुन बांकी दावी संख्या | १,५३७ | १,५३७ | १,५६६ |

# धितापत्र दर्ता तथा निष्काशन नियमावली २०६५ को अनुसूची १४

## (नियम २२ को उपनियम (२) संग सम्बन्धित)

## आ.व. २०७०/०७१ को दोश्रो त्रैमासिक प्रतिवेदन

**(१) वित्तिय विवरण:**

(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धित विवरण ।

यस कम्पनीको आ.व. २०७०/०७१ को दोश्रो त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान तथा आय व्यय हिसाब विवरण (Unaudited) निम्न बमोजिम रहेको छ ।

(ख) प्रमुख वित्तिय अनुपातहरू

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी (Annualized) | ५१.६५ | प्रति शेयर नेटवर्थ | २४०.७४* |
| मूल्य आम्दानी अनुपात (PE Ratio) | १८.९६ | प्रति शेयर कूल सम्पत्तिको मूल्य | ७७६.८२* |

**(२) व्यवस्थापकीय विश्लेषण:**

ह्ललको प्रतिस्प्रधात्मक बजारमा पनि कम्पनीको बीमाशुल्क आम्दानीमा वृद्धि हुने क्रमले निरन्तरता पाएको देखिन्छ । कम्पनीको लगानी, नाफा तथा अन्य परिसूचकहरू पनि उत्साहजनक नै देखिन्छ । पुनर्बीमा प्रकृया तथा दावी भुक्तानी तथ्याङ्क समेत सन्तोषजनक रहेको छ । साथै निर्जीवन बीमा व्यवसाय गर्ने कम्पनिको त्रैमासिक वित्तिय विवरण सम्बन्धित नयाँ निंदेशिका अनुरुप असमाप्त जोखिम जगेडा कायम गर्दा रू. २७,४१,५७,२००,००  पुग्न जाँदा कम्पनीको जोखिम वहन गर्ने क्षमतामा उल्लेखनिय वृद्धि हुन पुगेको छ जसले गर्दा भविष्यमा कम्पनिको आर्थिक अवस्था अझ सुदृढ हुने निश्चित छ ।

**(३) कानूनी कारवाही सम्बन्धि विवरण:**

यस अवधिमा कम्पनीको व्यवसायिक कारोवार सम्बन्धि कुनै पनि मुद्दा नपरेको ।

**(४) संगठित संस्थाको शेयर कारोवार सम्बन्धि विवरण:**

| | | | |
|---|---|---|---|
| ऋधिकतम् मूल्य | ९७९ | न्यूनतम् मूल्य | ४८१ |
| अन्तिम मूल्य | ९७९ | कारोवार भएको कूल दिन | ५२ |
| कारोवार संख्या | ४५१ | | |

**(५) समस्या र चुनौती:**

(क) आन्तरिक समस्या र चुनौती:

१) नेपाल सरकारद्वारा तेस्रो पक्ष बीमा अनिवार्य गरिएको परिपेक्ष्यमा बीमाशुल्क बढ्ने अवसर प्राप्त हुँदाहुँदै पनि व्यवसाय तथा दावीको अनिश्चितताको कारण आगामी दिनमा आउन सक्ने जोखिमको कारणले गर्दा यो क्षेत्र चुनौतीपूर्ण रहने नै छ ।

२) कम्पनीले विभिन्न बैंकहरूसंग Bancassurance व्यवसाय शुरु गरिसकेको परिप्रेक्ष्यमा यसलाई दिगो रूपमा विकसीत गर्नको लागि हालको प्रतिस्पर्धी बजार ज्यादै चुनौतिपूर्ण छ ।

(ख) वाह्य समस्या र चुनौती:

१) अस्थिर राजनैतिक वातावरणबाट उत्पन्न आर्थिक तथा अन्य समस्याहरू ।

२) व्यवसायिक क्षेत्रमा भइरहेको प्रतिस्पर्धाले गर्दा आगामी दिनहरू चुनौतीपूर्ण हुन सक्ने देखिन्छ ।

३) नेपालको भौगोलिक विकटताको कारण कृषि तथा लघुबीमामा सबैको पहुच पुर्‍याउन ठुलो लगानी गर्नुपर्ने तथा पुर्वाधार विकासमा जोड दिनुपर्ने देखिन्छ ।

४) बीमा सम्बन्धी सचेतनाको कमी पनि प्रमुख चुनौतिको रुपमा रहेको छ ।

(ग) रणनीति:

व्यवसायलाई आधुनिकीकरण गर्दै नयाँ-नयाँ सेवा तथा सुविधाहरू ग्राहक माझ पुर्‍याउन कम्पनी तत्पर रहेको छ । कृषि तथा पशु पन्छी बीमाको अवसर तथा चुनौतीको अध्ययन गरी यसको सम्भाव्यता पहिचान गरी यस क्षेत्रका ग्राहकलाई बीमा व्यवसायको पहुँच पुर्‍याइ व्यवसाय विस्तार गर्न कम्पनीले देशका विभिन्न क्षेत्रमा १८ वटा शाखा कार्यालय खोलिसकेको र यो कार्यलाई निरन्तरता दिइने छ । जसको लागि कम्पनीले समय समयमा बीमा सम्बन्धी विाभिन्न सूचनामुलक कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । साथै, कम्पनीले राष्ट्रको आवश्यकता तथा बजार सम्भाव्यताको आधारमा नयाँ नयाँ बीमालेखहरू प्रयोगमा ल्याई आफ्नो छुट्टै पहिचान राख्न तत्पर रहेको छ ।

**(६) संस्थागत सुशासन:**

बीमा ऐन, नियम तथा बीमा समितिद्वारा दिईने निर्देशन एवं निर्देशिका र कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली अनुसार संस्थागत सुशासनको लागि आन्तरिक लेखा परीक्षण गर्ने र लेखा परीक्षकको सुझाव तथा बीमा समितिद्वारा जारी गरिएको संस्थागत शुसासन सम्वन्धी निर्देशिका, २०६९ द्वारा तोकिएको निर्देशन बमोजिम कम्पनीले कार्य सम्पादन गर्दै आएको छ । साथै सम्पत्ति शुद्धिकरणद्वारा निर्दिष्ट वातावरणले पनि संस्थागत सुशासनमा अनुकुल असर पर्नेमा कम्पनी विश्वस्त छ ।

**(७) सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण:**

आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा पूर्ण उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाईएको छैन साथै हालसम्म प्राप्त दाबी हिसाब, पुनर्बीमा हिसाब लगायत लेखा परिक्षण गर्दा कुनै व्यवस्था गर्नु परेमा माथि देखाइएको हिसाबमा फरक पर्न सक्ने छ ।

* अग्रिम शेयर भुक्तानी रकम समावेश नगरिएको